नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय
(प्रबन्ध महाशाखा, हलचोक, काठमाण्डौ)
राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना नं. (APF/NCB/R/01/2077/078)
सूचना प्रकाशन मितिः २०७७/०८/११ गते ।

१. पशु स्वास्थ्य डग हैण्डलर उपशाखा, स.प्र.बल, नेपाल प्र.का.बलम्बुमा कार्यरत डग संख्या ३० (तीस) को निमित्त २०७७ साल माघ १ गते देखि २०७८ साल पौष मसान्तसम्म बर्ष १ (एक) को लागि डग राशन सामाग्रीहरु e-bidding को माध्यमबाट आपूर्ति ब्यवस्था गर्नुपर्ने भएकोले राशन आपूर्ति सम्बन्धी व्यवसाय गर्न सम्बन्धीत निकायबाट ईजाजत प्राप्त ईच्छुक नेपाली बोलपत्रदाताहरुबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।
२. खरिद गरिने डग राशन सामाग्रीहरुको किसिम तथा परिमाण बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम हुनेछ ।
३. सार्वजनिक खरिद अनुगमन कार्यालयको अन्तरिम Portal: www.bolpatra.gov.np/egp बाट डग राशन सामाग्रीहरु खरिद सम्बन्धी e-bidding को कार्य हुनेछ । उक्त web मा Login गरी प्राप्त निर्देशन अनुसार इच्छुक बोलपत्रदाताहरुले भाग लिन सक्नेछन ।
४. बोलपत्र सम्बन्धी कागजातको दस्तुर रु.३,०००।- फिर्ता नहुने गरी यस कार्यालयको कोड नं.३१४०५३५०७, राजश्व खाता नं.१०००२०००१००००, राजश्व शिर्षक नं. १४२२९ मा नगदै जम्मा गरेको बैंक भौचरको Scanned Copy PDF Format मा Upload गर्नु पर्नेछ ।
५. बोलपत्रदाताले बोलपत्रसाथ पेश गर्नु पर्ने सम्पूर्ण कागजातहरु मिति २०७७/०९/१२ गते १२:०० बजे भित्र .wwwbolpatranp.gov./egp मा Scanned Copy PDF Format मा Upload गरी सक्नु पर्नेछ ।
६. बोलपत्रसाथ को.ले.नि.का, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय ठमेल, काठमाण्डौ स्थित धरौटी खाता नं.११०००१०२०३०००० ख २-३ यस कार्यालयको कोड नं. ३१४०५३५०७ मा रु.१,४५,०००।- नगदै जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको कुनै बाणिज्य बैंक वा बित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको बोलपत्र जमानत पेश गर्नु पर्नेछ । सोको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा बोलपत्रको मान्य अवधि (९० दिन) भन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ ।
७. Pre Bid Meeting मिति २०७७/०८/३० गते १३:०० बजे यस कार्यालयमा राखिएको छ ।
८. बोलपत्रदाताले पेश गरेको Online बोलपत्र सो बोलपत्र पेश गर्ने अन्तिम समय भित्र प्रणालीमा प्रविष्टी (Login) गरी Online फिर्ता लिन वा संशोधन गर्न सक्नेछन ।
९. e-submission भएका बोलपत्रहरु मिति २०७७/०९/१२ गते १३:०० बजे आमन्त्रित प्रतिनिधिहरु, सम्बन्धित बोलपत्रदाताहरु वा निजहरुको वारेश प्रतिनिधिहरु एवं बोलपत्र खोलुवा समितिको रोहवरमा प्रवन्ध महाशाखामा खोलिने छ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।
१०. बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्वन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिने छ । यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखि गणना गरिनेछ ।
११. बोलपत्रदाताले बोलपत्र फाराममा कबोल अंक उल्लेख गर्दा आईटमवाईज तोकिएको इकाईमा मु.अ.कर बाहेकको दररेट केरमेट नगरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएमा बोलपत्रदाताको सही छाप भएको हुनु पर्नेछ ।
१२. म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
१३. एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।
१४. डग राशन सामाग्रीहरु आपूर्ति गर्ने करार अवधि भर कुनै किसिमको मूल्य बृद्धि दिईने छैन ।
१५. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१६. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन -२०६३ र सार्वजनिक खरिद नियमावली -२०६४ साथै सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको बोलपत्र सम्बन्धी निर्देशन बमोजिम हुनेछ ।
१७. बोलपत्र सम्बन्धी थप जानकारीका निमित्त यस कार्यालयको फोन.नं.०१-५२४९००५ मा सम्पर्क गर्न सकिने छ । साथै बिस्तृत सूचना सशस्त्र प्रहरी बल, नेपालको website: www.apf.gov.np र www.ppmo.gov.np मा समेत हेर्न सकिने छ ।